# नेपाल पर्वतारोहण संघलाई प्रदान गरिने बजेट खर्च सम्बन्धी कार्यविधि, २०८०

(मन्त्रालयबाट स्वीकृत मितिः २०८०/११/०८)

नेपाल पर्वतारोहण संघको नियमित कामकारबाही सञ्चालन गर्न नेपाल सरकारले वार्षिक रुपमा प्रदान गर्ने अनुदान रकमको प्रयोगलाई मितव्ययी, प्रभावकारी र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले विनियोजन ऐन,२०८० को दफा ९ को उपदफा (२) तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०७/२३ गतेको निर्णय बमोजिम मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "नेपाल पर्वतारोहण संघलाई प्रदान गरिने बजेट खर्च सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आर्थिक नियम" भन्नाले नेपाल पर्वतारोहण संघको आर्थिक नियम, २०५३ सम्झनु पर्छ।

(ख) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि असार मसान्तसम्मको अवधि सम्झनु पर्छ।

(ग) "केन्द्रीय कार्यसमिति" भन्नाले संघको विधान अनुसार संघका साधारण सदस्यहरूमध्येबाट निर्वाचित केन्द्रिय कार्यसमिति सम्झनु पर्छ।

(घ) "केन्द्रीय सचिवालय" भन्नाले संघको विधान अनुसार केन्द्रीय कार्य समितिद्वारा गठित केन्द्रीय सचिवालय सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(च) "विधान" भन्नाले नेपाल पर्वतारोहण संघको विधान, २०७४ सम्झनु पर्छ।

(छ) "संघ" भन्नाले नेपाल पर्वतारोहण संघ सम्झनु पर्छ।

३. **बजेट विनियोजनः** नेपाल पर्वतारोहण संघलाई बजेट विनियोजन गर्दा देहायको आधारमा बजेट विनियोजन गर्नुपर्नेछः-

(क) संघले आफ्नो कार्य सञ्चालनका लागि प्रत्येक वर्षमा आवश्यक पर्ने अनुमानित बजेट तथा कार्यक्रम प्रत्येक वर्षको माघ मसान्त भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(ख) मन्त्रालयले प्रत्येक आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा संघको लागि विनियोजन गर्नुपर्ने बजेटसमेत अर्थ मन्त्रालयमा एकमुष्ट रुपमा प्रस्ताव गर्नेछ।



२०८०/११/१५

सचिव

(ग) नेपाल सरकारले संघको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक पर्ने बजेट प्रत्येक वर्ष वार्षिक विनियोजन मार्फत अनुदान उपलब्ध गराउनेछ।

४. <u>बजेट कार्यान्वयन प्रक्रिया र मापदण्डः</u> नेपाल सरकारले नेपाल पर्वतारोहण संघको लागि विनियोजन गरेको रकम खर्च गर्ने मापदण्ड र प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) संघले स्वीकृत बजेट अन्तर्गत रहेर सञ्चालन गर्ने क्रियाकलाप र सोको लागि आवश्यक पर्ने बजेट प्रस्ताव गरी कार्यक्रम स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(ख) संघबाट प्रस्तावित क्रियाकलापहरूको उद्देश्य र औचित्यसमेत हेरी मन्त्रालयले कार्यक्रम स्वीकृत गर्नेछ।

(ग) स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले त्रैमासिक रुपमा संघलाई निकासा उपलब्ध गराउनेछ।

(घ) संघले प्रत्येक त्रैमासिक निकासा माग गर्दा अघिल्लो त्रैमासिक प्रगति पेश गर्नुपर्नेछ। चालु आर्थिक वर्षको प्रथम त्रैमासिक निकासा माग गर्दा अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ङ) कुल अनुदान रकम प्रशासनिक खर्च, कार्यक्रम खर्च र पूँजीगत खर्च शीर्षकमा बाँडफाँट गर्नुपर्नेछ।

(च) कुल अनुदान रकममा अधिकतम तीस प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च गर्न सक्नेछ।

(छ) संघको विधान अनुसार उद्देश्य प्राप्त गर्नेगरी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

(ज) संघले नेपाल सरकारबाट प्राप्त रकम खर्च गर्दा संघको प्रचलित आर्थिक नियम बमोजिम गर्नुपर्नेछ।

५. <u>कार्यक्रमको प्रस्ताव र प्राथमिकताको क्षेत्र</u> : संघले कार्यक्रमको प्रस्ताव र प्राथमिकताको क्षेत्र निर्धारण गर्दा देहायका आधारमा गर्नेछः-

(क) अन्तर्राष्ट्रिय पर्वतीय प्रवर्धनात्मक कार्यक्रमहरू,

(ख) राष्ट्रिय पर्वतीय प्रवर्धनात्मक कार्यक्रमहरू,

(ग) अन्तर्राष्ट्रिय छाता संगठनहरूसँग पर्वतीय पर्यटनको लागि गरिने प्रवर्धनात्मक कार्यक्रमहरू,

(घ) हिमाल सरसफाइसँग सम्बन्धित कार्यक्रमहरू,

(ङ) पर्वतीय वातावरण संरक्षण तथा पर्वतीय महोत्सव सम्बन्धी कार्यक्रमहरू,

(च) आधारभूत पर्वतारोहण तालिम, उच्च पर्वतारोहण तालिम सम्बन्धी कार्यक्रमहरू,

(छ) पर्यटकीय पूर्वाधार सम्बन्धी (अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा, अन्तर्राष्ट्रिय स्मृति उद्यान पार्क ककनी समेत) कार्यक्रमहरू,



२०७७/११/१९
सचिव

(ज) पिक प्रोफाइल तयारी सम्बन्धी कार्यक्रमहरू।

६. <u>कार्यक्रम संशोधन</u>: मन्त्रालयबाट स्वीकृत कार्यक्रम संशोधन गर्नुपरेमा देहाय बमोजिम गर्नुपर्नेछः

(क) चालु खर्च अन्तर्गत प्रशासनिक खर्चमा शीर्षकमा स्वीकृत बजेट चालु खर्च अन्तर्गतको एक प्रशासनिक खर्च शीर्षकबाट अर्को प्रशासनिक खर्च शीर्षकमा रकमान्तर गर्नुपरेमा संघको कार्य समितिको बैठकको निर्णयबाट गर्नु पर्नेछ। चालु खर्च तर्फ प्रवर्द्धनात्मक कार्यक्रमहरूमा संशोधन वा रकमान्तर गर्नु परेमा कार्यसमितिको बैठकले निर्णय गरी मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

(ख) पूँजीगत शीर्षकमा विनियोजित बजेट चालू शीर्षकमा रकमान्तर वा संशोधन गर्न पाइने छैन।

७. <u>बजेट खर्च, खर्चको लेखाङ्कन तथा लेखापरीक्षण</u>: संघले बजेट खर्चको लेखाङ्कन तथा लेखा परीक्षण गर्दा देहायको आधारमा गर्नुपर्नेछ :-

(क) नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकमको खर्च, खर्चको लेखाङ्कन तथा लेखापरीक्षण संघको आर्थिक नियम, २०५३ बमोजिम गर्नुपर्नेछ।

(ख) संघको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्षको असोज मसान्त भित्र सम्पन्न गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

८. <u>वार्षिक प्रतिवेदन</u>: संघले देहायका विषयहरू समेटि मन्त्रालयसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछः-

संघले नेपाल सरकारबाट प्राप्त रकमबाट हासिल भएका मुख्य-मुख्य उपलब्धिहरू, कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या र सुधारका लागि गरिएका पहल र संघको उद्देश्य प्राप्तिमा मन्त्रालयले गर्नुपर्ने सहयोग लगायतका विषय समेटी प्रत्येक वर्षको श्रावण मसान्त भित्र वार्षिक प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

९. <u>अनुगमन तथा निर्देशन दिन सक्ने</u>: संघबाट भएका कार्यसम्पादनका विषयमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछः-

संघलाई उपलब्ध गराएको रकमबाट तोकिएको समय, गुणस्तर तथा परिणाममा मितव्ययी र प्रभावकारी रुपमा कार्य सम्पादन भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी निर्देशन दिन सक्नेछ। उक्त निर्देशन संघले पालन गर्नुपर्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउने</u>:

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।



२०८०।११।१५
सचिव